# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा कृषि विकास बैंक लि., रामपुर पाल्पा शाखाको बैंकिङ कारोबार शुभारम्भ



गभर्नर डा. चिरंजीबि नेपालले जनतामा बैंकिङ बानीको विकास गरी बैंकहरूप्रति विश्वास बढाउँदै लैजाने नेपाल राष्ट्र बैंकको उद्देश्य रहेको जानकारी गराउँदै जनतामा आर्थिक कारोबार बैंकहरू मार्फत गर्ने प्रवृत्तिको विकास भएमा आर्थिक क्रियाकलापमा अझै बढोत्तरी हुने र आर्थिक कारोबारको वृद्धिले बैंकका शाखाहरू स्थापना हुने क्रम बढ्दै जाने बताउनु भयो । उक्त कुरा उहाँले गत जेठ १५ गते कृषि विकास बैंक लि, को पाल्पास्थित रामपुर शाखाको बैंकिङ कारोबारको शुभारम्भ गर्दै बताउनु भएको हो । बैंकमा बचत गर्ने र बैंकमा रहेको वित्तीय स्रोत स्थानीय स्तरमै कृषि क्षेत्र तथा साना उद्योगमा उपयोग भएमा उद्यमशीलताको विकास हुने र सो मार्फत आय वृद्धि हुदै जाने कुरामा उहाँले जोड दिनुभयो । द्वन्द्वकालमा विस्थापित भएर पनि कृषि विकास बैंकले पुन: सोही स्थानमा बैकिङ सेवा सुचारू गरेकोमा उहाँले खुसी व्यक्त गर्नु भयो । द्वन्द्वकालमा विस्थापित भएका अन्य बैंकका शाखाहरू पनि पुनरस्थापना गर्दै लैजानु पर्ने आवश्यकतामा जोड दिनु हुँदै गभर्नर डा. नेपालले राष्ट्र बैंक देशका दुर्गम स्थानसहित सबै जनताको पहुँचमा बैंकिङ सेवा पुर्‍याउन प्रतिबद्ध रहेको हुनाले बैंक तथा वित्तीय संस्थाहरूले समेत आफ्नो दायित्व बोध गर्न आग्रह गर्नुभयो । यस अर्थमा पाल्पा जिल्लाको रामपुर आर्थिक कारोबारका दृष्टिले समेत सम्भाव्य रहेको उहाँले बताउनु भयो । गत वैशाख १२ गतेको विनासकारी भूकम्पले पारेको प्रभावको प्रसंगमा उहाँले आफ्ना प्रमुख कार्यालय भवनहरू पूर्णत क्षतिग्रस्त भएको अवस्थामा पनि राष्ट्र बैंकले सम्हालिएर समग्र बैंकिङ सेवा तत्कालै सुचारू गर्न सफल भएको बताउनु भयो ।

सो अवसरमा गभर्नर डा. नेपालले राष्ट्र बैंकले भूकम्प पीडितहरूलाई थप राहत पुगोस् भन्नाका लागि २ प्रतिशत ब्याज दरमा सहुलियतपूर्ण कर्जा पाउने गरी शून्य दरमा पुनरकर्जाको व्यवस्था गरेको बताउनु भयो । कृषि विकास बैंकका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायत उच्च पदाधिकारीहरुको उपस्थिति रहेको सो कार्यक्रममा स्थानीय सर्वसाधारणहरुको बाक्लो उपस्थिति रहेको थियो ।

त्यसै गरी सोही दिन गभर्नर डा. नेपालले रामपुरस्थित सीताकुण्ड दुग्ध सहकारी संस्थाबाट सदस्यहरू तथा उत्कृष्ट कृषकहरूलाई प्रदान भएको राहतका चेक वितरण गर्नुभयो भने जेठ १६ गते तानसेनमा ब्राह्मण समाज नेपाल तथा वैदिक सनातन धर्म समाजद्वारा आयोजित भूमिपूजा कार्यको पनि शुभारम्भ गर्नु भयो । गभर्नर डा. नेपाल जेठ १६ गते शनिबार काठमाण्डौं फर्कनुभयो ।

**२०७२ जेठ १७, आइतबार**

**गभर्नरको कार्यालय**